नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

**खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागबाट मिति २०८३-०३-१६ गते निम्नानुसारको खाद्य व्यवसायमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम अनुगमन निरीक्षण गरी तपसिलमा उल्लेख भए अनुसार आवश्यक कारबाही गरिएको व्यहोरा जानकारीका लागि यो विवरण जारी गरिन्छ।

| क्र.सं. | खाद्य उद्योग एवं व्यवसायको नाम तथा ठेगाना | निरीक्षण अनुगमन सम्बन्धी विवरण | निर्देशन/कारबाही/कैफियत |
|---|---|---|---|
| १. | अमुल्य ड्रिकिंङ् वाटर सरभिसेस प्रा लि गोदावरी -०३ ललितपुर | • अर्को उद्योगको जारमा पानी भर्न प्रयोग गरेको<br>• पानी प्रशोधन गरेर बजार लैजादै गर्दा उत्पादन तथा लेवल विवरण नखुलाई बजारमा पठाउने गरेको पाइयो<br>• पानी प्रशोधन गरेर पानी भर्ने स्थान खुल्ला ठाउँमा रहेको पाइयो<br>• पानी प्रशोधन गर्ने RO (Reverse Osmosis) पुर्ण रुपमा चुहिने अवस्थामा रहेको पाइयो<br>• सरसफाई सन्तोषजनक नरहेको। | • पानी प्रशोधन गर्ने प्लाण्ट जिर्ण अवस्थामा रहेकोले उधोगको अवस्था सुधार संगै प्रयोगशाला प्रतिबेदन नआउन्जेल उधोग सिल गरियो<br>• प्रयोगशला परिक्षणका लागि पानीको नमुना संकलन गरियो। |

| | | | |
|---|---|---|---|
| २. | निर्मल बैन्क्येत एंड इभेन्ट म्यानेजमेन्ट, काठमाडौं- २८ (नेपाल ल क्याम्पस क्यान्टिन): प्राप्त उजुरी गुनासो व्यवस्थापनको लागि आकस्मिक (-यापिड रेस्पोनस् मोडालिटिमा), काठमाडौं महानगरपालिका सहितको टोलीसंग संयुक्त अनुगमन | • खाद्य पदार्थको सम्पर्कमा आउने गरि मसिजन्य कागजको प्रयोग गरिएको<br>• फ्रिजमा अव्यवस्थित भण्डारण भाएको<br>• पकाएको खाद्य पदार्थ नछोपी भण्डारण गरेको<br>• Pest control को व्यवस्था सामान्य भएको<br>• सरसफाई सन्तोषजनक नपाइएको<br>• भान्सामा कृत्रिम खाद्य रंग पाइएको। | • खाद्य स्वच्छता कायम राख्ने<br>• खाद्य पदार्थको सम्पर्कमा आउने गरि मसि जन्य कागज प्रयोग नगर्ने<br>• खाद्य पदार्थलाई राम्रो संग छोपेर उचित तापक्रममा भण्डारण गर्ने<br>• थप आवश्यक कारवाही काठमाडौं महानगरपालिकाबाट अगाडी बढाईनेछ । |



डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०३/१६

**<u>अनुगमनका केही झलकहरू</u>**









